## बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

प.सं.०८०/८१/., च.नं. ६६२

मितिः २०८१।०५।२६

विषयः संविधान दिवस तथा राष्ट्रिय दिवसको उपलक्ष्यमा खेलकुद प्रतियोगिता आयोजना सम्बन्धमा।

श्री मन्त्रालय, सचिवालय, आयोग, कार्यालय।
बागमती प्रदेश, हेटौंडा।

प्रस्तुत विषयमा प्रदेश खेलकुद विकास परिषद्को च.नं. ५६, २०८१।०५।२३ को संविधान दिवस तथा राष्ट्रिय दिवसको उपलक्ष्यमा भलिबल प्रतियोगिता आयोजना हुने सम्बन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न छ। उक्त पत्रानुसार प्रतियोगितामा सहभागिताका लागि इच्छुक कर्मचारीको नामावली उल्लिखित इमेल ठेगानामा पठाउनुहुन निर्देशानुसार अनुरोध छ।

(सुरेन्द्र कार्की)
अधिकृत आठौं

बोधार्थः
श्री सूचना तथा सञ्चार समन्वय शाखाः website मा upload गरिदिनुहुन।

"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

# प्रदेश खेलकुद विकास परिषद्

## PROVINCE SPORTS DEVELOPMENT COUNCIL

बागमती प्रदेश, हेटौंडा, नेपाल

Bagamati Province, Hetauda, Nepal

प.सं : २०८१/०८२

चलानी नं : ५६

मितिः २०८१/०५/२३

विषयः संविधान दिवस तथा राष्ट्रिय दिवस-२०८१ को अवसरमा आयोजना गरिने खेलकुद सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
बागमती प्रदेश, हेटौंडा ।

प्रस्तुत विषयमा संविधान दिवस तथा राष्ट्रिय दिवस-२०८१ प्रदेश स्तरीय मूल समारोह समिति, बागमती प्रदेशले निर्देशन गरे वमोजिम युवा तथा खेलकुद मन्त्रालय र प्रदेश खेलकुद विकास परिषद्को संयोजनमा मिति २०८१/५/२० गते सम्बन्धित खेलकुद क्षेत्रका पदाधिकारी समेतको बैठकले राष्ट्रसेवक र नागरिकको सहभागिता हुने गरी तपसिलको मिति, समय र स्थानमा देहायका टिमहरुबीच मैत्रिपूर्ण भलिबल प्रतियोगिता आयोजना गरिने भएकोले निम्न व्यहोरा सहित प्रदेश सभा तथा प्रदेश सरकारका मन्त्रालयहरुमा आवश्यक समन्वय तथा सहजीकरण गरिदिनुहुन सादर अनुरोध छ ।

तपसिलः

क. खेल सञ्चालन हुने मिति, समय र स्थानः
   मितिः २०८१ असोज १ र २ गते ।
   समयः प्राविधिक समितिले तोकेपछि उपलब्ध गराइनेछ ।
   स्थानः हेटौंडा उ.प.न.पा-४ स्थित हुप्राचौर भलिबल कोर्ट ।

ख. प्रस्तावित सहभागी हुने टिमहरुः
   १. प्रदेश जनप्रतिनिधि – अधिकतम २ टिम । (आवश्यक समन्वय गरिदिनुहुन)
   २. प्रदेश सरकारका राष्ट्रसेवक कर्मचारी - अधिकतम ३ टिम । (आवश्यक समन्वय गरिदिनुहुन)
   ३. स्थानीय तहका जनप्रतिनिधि/कर्मचारी - अधिकतम १० टिम ।
   ४. सञ्चारकर्मी - १ टिम ।
   ५. जिल्ला खेलकुद विकास समिति मार्फत नागरिक समाज – १ टिम ।
   ६. आयोजकः १ टिम ।

ग. टिम दर्ता मितिः २०८१ भाद्र २६ गते बेलुका ५ बजेसम्म परिषद्को ईमेलः psdcp3@gmail.com मा उपलब्ध गराउनुहुन । (सम्पर्कः लबराज कार्की - ९८६०३४६६७७)

घ. खेलाडी संख्याः प्रत्येक टिमवाट खेलाडी, प्रशिक्षक तथा व्यवस्थापक गरी जम्मा १० जना खेलाडी सहभागी हुन पाउने (सबैले खेल्न पाउने) ।

"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

# प्रदेश खेलकुद विकास परिषद्

PROVINCE SPORTS DEVELOPMENT COUNCIL

बागमती प्रदेश, हेटौडा, नेपाल

Bagamati Province, Hetauda, Nepal

प.सं : २०८१/०८२

चलानी नं :

ङ. सुविधाः

१. टिम तयारी तथा चिया खाजा बापत प्रत्येक टिमलाई ५/५ हजार १५% करकट्टी गरी उपलब्ध गराइनेछ । यस वाहेक अन्य कुनै सुविधा उपलब्ध गराइने छैन ।

२. प्रत्येक टिमलाई प्रति खेलाडी १/१ सेट जर्सी उपलब्ध गराइनेछ ।

च. पुरस्कारको व्यवस्थाः

१. प्रथम पुरस्कारः २००००/-

२. द्वितिय पुरस्कार १५०००/-

३. शिल्ड, मेडल र प्रमाणपत्र

४. प्रतियोगितामा उत्कृष्ट हुने १ जना खेलाडीलाई ट्रफी सहित नगद ५ हजार उपलब्ध गराइनेछ ।

५. पुरस्कार संविधान दिवस तथा राष्ट्रिय दिवस-२०८१ प्रदेश स्तरीय मूल समारोहमा वितरण गरिनेछ ।

*नोटः पुरस्कारमा २५% करकट्टी हुनेछ ।*

छ. प्राविधिक पक्षः

१. मकवानपुर जिल्ला खेलुकुद विकास समिति र मकवानपुर जिल्ला भलिवल संघवाट प्राविधिक सहयोग हुनेछ ।

२. खेलको नियम टिम संख्याको आधारमा प्राविधिक समितिले तय गरे वमोजिम हुनेछ ।

.............

वद्री बहादुर पाठक

कार्यालय प्रमुख

<u>वोधार्थः</u>

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, वागमती प्रदेश । (प्रदेश सभा तथा प्रदेश सरकारका मन्त्रालयमा जानकारीका लागि)

श्री १० वटै स्थानीय तह, मकवानपुर जिल्ला ।(सहभागिताका लागि अनुरोध छ )